खाद्य व्यवस्था तथा ब्यापार कम्पनी लिमिटेड
(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)
प्रधान कार्यालय
(बिक्री बितरण बिभाग)

अत्यन्त जरुरी

प.सं.: ...सं:१२.../२०८०/०८१ च.नं. : ४३० मिति : २०८०/२/२ गते

बिषय : निर्देशन/परिपत्र।

श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
प्रादेशिक कार्यालयहरु, विराटनगर/जनकपुर/काठमाण्डौं/धनगढी/सुर्खेत।
मुख्य शाखा कार्यालयहरु, विर्तामोड/लहान/नेपालगञ्ज/तुलसीपुर/राजापुर।
शाखा कार्यालयहरु, वीरगञ्ज/महेन्द्रनगर।

प्रस्तुत विषयमा, तहाँ कार्यालयहरु सुगममा भएको साथसाथै गोदाम क्षमताहरु बढि भएकोले नेपाल सरकार तथा यस कम्पनीको नीति अनुसार त्यहाँका गोदामहरुमा राष्ट्रिय खाद्य भण्डार तथा सार्क खाद्य भण्डारको लागि मौज्दात रहने स्थानहरु भएको व्यहोरा त्यहाँलाई अवगत नै छ। यसर्थ हाल खरिद भई रहेको चामलको गुणस्तरको सुनिश्चितता गरि खरिद तथा भण्डार गर्नु गराउनु हुनेछ। त्यस कार्यालयका कार्यालय प्रमुख तथा गुणस्तर प्राविधिक कर्मचारीहरुबाट समय समयमा गोदाममा मौज्दात खाद्यान्नको अवस्था चेक जाँच अवलोकन गर्नु गराउनु हुनेछ। गुणस्तर मापदण्ड अनुसार चामलको उपभोग्य अवधि २४ महिना भएकोले मौज्दात सूरक्षित रहेन गरि भण्डारको व्यवस्था मिलाई खाद्यान्न परिचालनमा देहाय अनुसार गर्नु गराउनु हुन निर्देशन गरिएको छ।

देहायः

१. त्यहाँ कार्यालयबाट दूर्गममा पठाउनु पर्ने खाद्यान्नलाई प्राथमिकतामा राखि कोटा अनुसार आ.व.को अन्त्यसम्म सम्बन्धित स्थानमा पुग्ने गरि परिचालन गर्ने। ढुवानीमा आलटाल गर्ने ढुवानीकर्तालाई सम्झौता अनुसार तुरुन्त कारवाहि गर्ने।

२. दूर्गम जिल्लाका शाखा डिपो र कर्मचारी नभएका विक्री केन्द्रमा खाद्यान्न पठाउंदा चलान भएको परिमाण, किसिम खोलि शाखा कार्यालयहरुमा जानकारी पठाउने। डिपो र विक्री केन्द्र भएको गाउँपालिकालाई समेत अनिवार्य रुपमा चलान भएको परिमाण र किसिम जानकारी गराई ढुवानी र विक्री वितरणमा गाउँपालिकालाई सहयोग, समन्वय अनुगमन गरि दिन अनुरोध गर्ने।

३. सुगम जिल्लाबाट सुगम जिल्लामा खाद्यान्न पठाउंदा प्राप्त गर्ने कार्यालयको लिखित अनुरोध भएमा मात्र खाद्यान्न ढुवानी गराउने, माग विना ढुवानी नगराउने माग नगरि चामल चलान गरि पठाएमा खाद्यान्न फिर्ता पठाउने र ढुवानी भाडा चलान गर्ने कार्यालयको प्रमुखबाट असुलरउपर गरिने।

क्रमशः

मोहन बहादुर भट्टराई/ मिलन्द
प्रमुख कार्यकारी अधिकृत

☎ ४२५२७६७ फ्याक्स नं.०१-४२६२४९८ Email:nfcsales75@gmail.com

४. दूर्गम तथा कठिन भौगोलिक अवस्था भएको स्थानमा खाद्यान्न ढुवानी र आपूर्तिमा प्राथमिकता राख्ने। ढुवानी गराउनु पर्ने स्थानमा ढुवानी गर्नु पर्ने कोटा हुँदाहुदैं ढुवानी नगर्ने/नगराउने तर खाद्यान्न मौज्दात बढि भएको निहुंमा आवश्यक नभएको ठाउंमा खाद्यान्न पठाउन बारम्बार माग गर्ने कार्य तुरुन्त बन्द गर्ने साथै विक्री वितरण विभागको आदेश विपरित कार्य गरेमा सम्बन्धित कार्यालयको प्रमुख जवाफ देहि हुनुपर्ने व्यहोरा समेत जानकारी गराईन्छ।

(मोहन प्रकाश चन्द)
प्रमुख कार्यकारी अधिकृत

मोहन प्रकाश चन्द
प्रमुख कार्यकारी अधिकृत

बोधार्थ:
श्री आन्तरिक नियन्त्रण विभाग,
श्री खरिद विभाग,
श्री गुणस्तर नियन्त्रण विभाग
खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
प्रधान कार्यालय, काठमाण्डौ।